मासिक
# विपद् बुलेटिन

२०७८ भदौ, अंकः २

## यस भित्र

१ विपद् प्रभावितको अधिकार रक्षामा जोड
२ कोरोना प्रभावित विपन्नलाई १० हजार अनुदान
३ प्रकोप पुर्वतयारीमा वैज्ञानिक खोजको महत्व
४ कोरोना प्रभावित विपन्न परिवारलाई राहत

## सम्पादकीय

### कोरोना प्रभावित विपन्न परिवारलाई राहत

कोरोनाभाइरस महामारीका कारण नेपालको आर्थिक, सामाजिक सबै क्षेत्रमा नकारात्मक प्रभाव परेको छ । राष्ट्रिय योजना आयोगलेले गरेको कोभिड-१९ सम्बन्धी अध्ययन प्रतिवेदनअनुसार कोरोना महामारीका विभिन्न नकारात्मक असरहरु परेको देखाएको छ ।

खास गरेर कोरोना महामारीले बेरोजगारको सत्या बढ्नुका साथै गरिबीको रेखामुनिको जनसत्त्यामा पनि वृद्धि भएको छ । नेपालमा कुल ५६ लाख गरिबीको रेखामुनिको जनसत्त्या रहेकोमा कोरोनाभाइरस महामारीपछि त्यो संख्या बढेको छ ।

कोभिड-१९ संक्रमण नियन्त्रणका लागि गरिएको बन्दाबन्दीले रोजगारीमा अत्यन्त ठुलो प्रभाव पारेको छ । अनौपचारिक क्षेत्रतर्फ ठलो सत्त्यामा कामदार/कर्मचारीले रोजगारी गुमाउन पुगेका छन् ।

कोरोनाभाइरसका कारण नेपालको समग्र औद्योगिक र अन्य उत्पादकत्वमा पनि ह्रास आएको छ ।

उत्पादन ह्रास हुँदा मानव विकास तथा जनजीविकामा नै नकारात्मक प्रभाव परेको विभिन्न अध्ययनले देखाएको छ ।

कोरोनाभाइरस महामारीले गरिब तथा विपन्न परिवारलाई ठुलो असर परेको छ । उनीहरूलाई परेको समस्या संबोधन गर्न सरकारले लक्षित कार्यक्रम सञ्चालन गर्न नसकेको आरोप आइरहेको बेला सरकारले संसदबाट पारित चालु आर्थिक वर्षको संशोधित बजेटमा गरिब तथा विपन्न परिवारलाई प्रतिपरिवार १० हजार नगद अनुदान दिने घोषणा गरेको छ ।

कोरोना महामारीका कारण रोजगारी तथा आयआर्जन गुमाएका गरिब तथा विपन्न ५ लाख घरपरिवारलाई अनुदान दिने सरकारको यो कार्यक्रम राम्रो छ । यसले विपन्न, महिला, बालबालिका लगायतका राज्यको विशेष सहयोग आवश्यक पर्ने सर्मलाई केहि राहत पुग्नेछ ।

तर नगद अनुदान वितरण कार्यक्रमको घोषणाले मात्र राहत पुग्दैन । यलाई लक्षित सर्मह समक्ष पुर्‍याउँनका लागि जतिसक्दो छिटो कार्यविविध तथा मापदण्ड बनाएर प्रभावित परिवारको हातमा राज्यले घोषणा गरेको राहत पुर्‍याउँनु पर्छ । चाडपर्व नजिकिदै गर्दा विपन्न परिवारलाई थप आर्थिक भार परेको हुन्छ । कोरोना प्रभावित परिवारलाई सक्दो छिटो राहत दिन सके उनिहरूलाई ठुलो सहयोग हुनेछ ।

## गतिविधि

### विपद् प्रभावितको अधिकार रक्षामा जोड

विपद् जोखिम न्युनिकरण र व्यवस्थापनसंग सम्बन्धीत सरोकारवालाहरूले विपद्को समयमा प्रभावितको मानव अधिकार र मानवीय मुल्यलाई ख्याल गरी यस मापदण्ड अनुसार सहायतालाई अझ बढी प्रभावकारी र व्यवस्थित गर्न तीनै तहका सरकार, गैरसरकारी सङ्घ संस्था र अन्य सरोकारवाला निकायहरू अझ जिम्मेवार र उत्तरदायी हुनुपर्नेमा जोड दिएका छन् । विश्व मानवीयता दिवसका अवसरमा आयोजित कार्यक्रममा सहभागिहरूले मानवीय क्षेत्रमा काम गर्दाखेरी सथपित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डलाई कार्यान्वयन गर्न आवश्यक रहेको बताइयो ।

कार्यक्रममा डिपिनेट नेपालका अध्यक्ष सुर्यबहादुर थापाले नेपाल प्राकृतिक विपद्का हिसाबले उच्च जोखिममा रहेकाले यस्ता विपद्जन्य घटनामा आधारभुत मानवीय मापदण्डलाई पालना गर्न सकिएमा प्रभावितले न्याय पाउनसक्ने बताउनुभयो ।

एसियाली विपद् पुर्वतयारी केन्द्र (एडिपिसी) का देशिय प्रतिनिधि मानबहादुर थापाले आधारभुत मानवीय मापदण्डको कार्यान्वयनबाट विपदमा परेका समुदायलाई प्रभावकारी ढङ्गबाट मानवीय सेवा उपलब्ध गराउन सहयोग पुग्ने बताउनुभयो । विपद् जोखिम न्युनीकरण र व्यवस्थापन विज्ञ सुनील शाक्यले आधारर्भत मानवीय मापदण्ड सम्बन्धी तालिम निर्देशिकाको महत्वको बारेमा जानककारी दिदै विपद् जोखिम न्युनीकरण र विपद् व्यवस्थापनका लागि सबैको हातेमालो आवश्यक रहेको बताउनुभयो ।



डिपिनेट नेपालका महासचिव डा. राजु थापाले नेपालमा सामाजिक सुरक्षा र मानवीय सहायतामा सामाजिक सुरक्षाको प्रयोग तथा मानवीय मापदण्डलाई स्थानीयकरण गर्दाको अनुभवका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

राष्ट्रिय समाचार समितिका प्रमुख समाचारदाता कृष्ण अधिकारीले आधारर्भत मानवीय मापदण्ड र बाढीको विपद यसको अभ्यास सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै मेलम्ची बाढीमा स्थानीय तह, गैरसरकारी संस्था र निजी क्षेत्रको भुमिका सम्बन्धी स्थलगत अध्ययनको निस्कर्ष सुनाउनु भएको थियो ।

एसियाली विपद् पुर्वतयारी केन्द्रको सहयोगमा सञ्चालित एसियाली पुर्वतयारी साझेदारी कार्यक्रम अन्तर्गत राष्ट्रिय विपद् जोखिम न्युनीकरण केन्द्रले विश्वका विभिन्न देशको अनुभवका आधारमा तयार पारिएको आधारभुत मानवीय मापदण्डलाई कार्यान्वयन गर्न विभिन्न तीनवटा सामग्री निर्माण गरेको छ ।

विपद मानवीय पीडा हुनबाट बचाउन र कम गर्न संस्था र व्यक्तिहरूले मानवीय प्रतिकार्यको गुणस्तर एवं प्रभावकारिताको सुधारका लागि प्रतिवद्धतामा जोड दिइएको छ ।

## कोरोना प्रभावित विपन्नलाई १० हजार अनुदान

कोरोनाका कारण आर्थिक अभाव र बोझ थपिएका गरिब तथा विपन्न परिवाहरूलाई लक्षित गर्दै नेपाल सरकारले प्रतिपरिवार रू.१० हजार नगद अनुदान दिने भएको छ । संसदबाट पारित चार्लु आर्थिक वर्षको संशोधित बजेटमा यो व्यवस्था गरिएको छ ।

कोरोना महामारीका कारण रोजगारी तथा आय गुमाएका ५ लाख घर परिवारलाई कोरोना प्रभावित गरिब तथा विपन्नलाई अनुदान दिन लागिएको हो । यस्तो अनुदान दिने कार्यक्रमले विपन्न परिवारलाई तत्कालको समस्या टार्न सहयोग पुग्ने सरकारको भनाइ छ । तत्कालको राहतसंगै मुलुकमा कोरोनाबाट प्रभावित वास्तविक गरीब र विपन्नहरूको पहिचान गरी उनीहरुको जीवनस्तर उठाउने दीर्घकालिन कार्यक्रमले मात्र दीगो समस्या समाधान हुने सरोकारवालाहरूको भनाइ छ । सरकारको यो कार्यलाई सकारात्मक रूपमा उल्लेख गर्दै सरोकारवालाहरू लक्षित बर्गका लागि थप कार्यक्रम ल्याउन आवश्यक रहेको बताइरहेका छन् । राहत कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि पनि सरकारले भरपर्दो र व्यवहारिक कार्यविधि बनाएर वास्तविक गरिब र विपन्नको हातमा पुग्ने गरी अनुदान कार्यान्वयन गर्न सरोकावालाहरूले जोड दिएका छन् ।



हरेक वर्ष बाढी तथा पहिरोबाट मुलुकले ठुलो मात्रामा जनधनको क्षति भोग्दै आएको छ । यो क्षतिलाई घटाउनका लागि विपद् बढाउने किसिमका मानव क्रियाकलापहरू घटाउँन आवश्यक छ ।

## बैशाखदेखि असोजसम्म विपद्बाट २ सय ४० जनाको मृत्यु

२०७८ साल वैशाखबाट असोजको पहिलो सातासम्म बाढी, पहिरो, आगलागी, चट्याङजस्ता विभिन्न विपदबाट करिब २४० जनाले ज्यान गुमाएका छन् भने ४१ ज भन्दा बढि बेपत्ता छन् । राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणको आँकडा अनुसार विपद्मा परि ४८४ जना घाइते भएका छन् । विभिन्न विपद्का घटनामा परि प्रभावित हुने परिवारको संख्या २ हजार ३५६ छ भने यसबाट करिब १ अर्ब रूपैयाँको क्षति भएको अनुमान गरिएको छ ।

यो अवधिमा पहिरोका कारण सबैभन्दा बढी जनधनको क्षति भएको छ । पहिरोको कारण ८० जनाको मृर्त्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कले देखाएको छ । वैशाखयता पहिरोमा परि ८ जना बेपत्ता भएका छन् । यस्तै ६१ जना घाइते छन् । यो अवधिमा बाढीबाट ३८ जनाले ज्यान गुमाएका छन् भने ३२ जना बेपत्ता र २१७ घाइते भएका छन् । चट्याङ लागेर ज्यान गुमाउनेको संख्या ४८ छ भने अविरल वर्षाकै कारण १६ जनाको मृर्त्यु भएको छ । आगलागीको घटनामा परि १६ जना, ढढेलोले ३ र सर्पदंशले गर्दा १६ जनाको ज्यान गएको छ ।



प्राधिकरणका अनुसार मनसुनको अवधिमा बढि पहिरो जाने र यसै अवधिमा ८० प्रतिशत मानिसको मृत्यु हने गरेको छ । सडक, सिँचाइ, जलविद्युत लगायत साना ठुला संरचना निर्माणले भु–बनोटलाई कमजोर बनाउने हुँदा यसबाट पनि पहिरोका घटनाहरू बढेका छन् । बाढी र पहिरोकै बेला पानीजन्य रोगले कतिपय जिल्लामा महामारीको रुप लिने गरेको छ । वर्षायाममा मलेरिया, डेंगु, कालाजार, इन्सेफलाइटिस, कमलपित्त, झाडापखाला जस्ता संक्रमणको जोखिम उच्च हुन्छ । यही बेला सर्पदंशका घटना पनि बढ्ने गरेको छ ।

मनसुनको चार महिना नेपालमा एक वर्षमा पर्ने पानीको ८० प्रतिशत पर्छ, बाँकी आठ महीनामा २० प्रतिशत । विश्व जलवायु परिवर्तनको प्रभावस्वरूप नेपालमा मनसुनको स्वरुप बदलिँदै गएको छ । पानी पर्ने दरमा फेरबदल भएको छ । यसपल्ट माथिल्लो पहाडी भेगमा अप्रत्याशित वर्षा भएकै कारण बाढी र पहिरोले ठुलो क्षति पुऱ्याएको छ ।


मुलुकका हरेकजसो स्थानमा प्रकृति, वातावरण र प्राकृतिक खनिजको दोहन व्यापक छ । नदीलाई दोहनको साधनको रूपमा लिन थालिएको छ । ढडेलो र वनपैदावर चोरी तस्करीका कारण वनजंगल सखाप हुदै गएको छ । यसले गर्दा पनि वर्षाले माटो बगाउने र पहिरो जाने क्रम र बाढी आउने क्रम बढेको छ ।

# मनसुन पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजना कार्यान्वयन हुँदै

कोरोना भाइरस रोगको महामारीसँगै बाढी, पहिरो र डुबान लगायत अन्य विपद् नियन्त्रण गर्न गृह मन्त्रालयले मनसुन पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजना कार्यान्वयनमा ल्याएको छ । आवश्यक सावधानी र तयारीका साथ जोखिम क्षेत्रको पहिचान गरी केन्द्रदेखि स्थानीय तहसम्मले सामुहिक रणनीति बनाएर अगाडि बढेमा जोखिम न्युनीकरण गर्न सकिन्छ भन्ने मान्यताका साथ सरकारले मनसुन पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजना-२०७७ कार्यान्वयनमा ल्याएको हो ।

यो  कार्ययोजनाले ले विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापनका लागि तीनै तहका सरकार (सङ्घ, प्रदेश र स्थानीय तह), सुरक्षा निकाय, समुदाय तथा गैरसरकारी सङ्घ, संस्थाको भुमिकाको विषयमा स्पष्ट ब्यवस्था गरेको छ ।

कार्ययोजना अनुसार सम्भावित जोखिम क्षेत्रको पहिचान गरी आवश्यक पुर्वतयारी, सचेतना, उद्धार, विस्थापितको पुनः स्थापना र उपचार ब्यवस्थापन लगायतका विषयलाई विशेष प्राथमिकता दिइएको छ । त्यसैगरी, राहत वितरण र सुरक्षा ब्यवस्थापन प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको छ । यो कार्ययोजनाले काम गर्नका लागि स्पष्ट नीतिगत आधार तयार गरिएको र यसको भावना अनुसारको काम गर्नका लागि सबै पक्षले कार्यान्वयनमा जोड दिनु पर्ने बताइएको छ ।




# प्रकोप पुर्वतयारीमा वैज्ञानिक खोजको महत्व



मुलुकमा विभिन्न किसिमका विपदबाट हुने क्षति कम गर्न नाष्टका साथै सम्बन्धित विश्वविद्यालयले प्रविधिको ब्यवस्था गर्न आवश्यक रहेको विज्ञहरुले बताएका छन् ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) ले विज्ञान दिवस सप्ताहको उपलक्ष्यमा आयोजना गरिएको 'महामारी र प्राकृतिक प्रकोप ब्यवस्थापनमा विज्ञान प्रविधिको भुमिका' विषयक कार्यक्रममा विज्ञहरुले विश्वविद्यालयले प्रविधिको विकास गर्न सके भावी दिनमा आउने जोखिम न्युनीकरणमा निकै सहयोग पुग्ने बताएका हुन ।

कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश आचार्यले महामारी तथा प्राकृतिक प्रकोप ब्यवस्थापनका लागि पुर्वतयारी अति आवश्यक भए पनि विपदको क्षेत्रमा अझै वैज्ञानिक खोजमा आधारित  ज्ञान सीपको प्रयोग गर्न नसकेका भन्दै अब त्यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिनु भयो । यसका लागि नाष्टले अन्य वैज्ञानिकका साथै प्रविधिको समेत खोजी गर्न जरूरी रहेको आचार्यले औँल्याउनुभयो ।

शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल क्लिनिकल रिसर्च युनिटका संयोजक डा शेरबहादुर पुनले विदेशी वैज्ञानिकको मुख ताक्ने ऋम तोडेर अब स्वदेशी वैज्ञानिकले नै केही गरेर देखाउने समय आएको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, महामारी र प्राकृतिक प्रकोप ब्यवस्थापनमा विज्ञानलाई नै हतियारका रुपमा लिएर अघि बढ्नुपर्नेछ ।

नाष्टका प्राज्ञ प्राडा विशालनाथ उप्रेतीले मुलुकवासीको जीउज्यानको सुरक्षाका लागि नाष्टका साथै सम्बन्धित विश्वविद्यालयले प्रविधिको ब्यवस्था गर्न आवश्यक रहेको  बताउनुभयो ।

कार्यक्रमका अन्य सहभागिले  महामारी र प्रकोप ब्यवस्थापनको क्षेत्रमा विगतमा भएका गल्तीलाई सच्याउँदै अघि बढ्न जरूरी भएको सुझाव दिदैं महामारी र प्राकृतिक प्रकोप ब्यवस्थापनमा अध्ययन अनुसन्धानका साथै आवश्यक प्रयोगशालको पनि ब्यवस्था हुनुपर्नेमा जोड दिनुभयो ।









"विपद् जोखिम न्यूनीकरणमा लगानी बढाऔँ
आर्थिक क्षति घटाऔँ"



# बाघको आक्रमणबाट यसरी बच्न सकिन्छ

नेपालमा पछिल्लो समय बाघको आक्रमणको घटना बढ्दै गएको छ । सरकारी आँकडा अनुसार बर्दिया जिल्लामामात्रै दुई वर्षको समयमा बाघको आक्रमणबाट १७ जनाको ज्यान गएको छ । खास गरेर निकुञ्ज क्षेत्र वरीपरि बढि बाघको आक्रमणका घटना भएका छन् । यस्ता घटनामा परि मृत्यु हुनेको संख्या समेत बढेको छ । विज्ञाहरूको सुझाव अनुसार यस्ता घटनाबाट बच्न निम्न सावधानी अपनाइ जोखि न्युन गर्न सकिन्छ ।

१. अचानक बाघसंग जम्काभेट भयो भने नजिकैको पातलो रूखमा चढ्ने ।
२. रूख चढ्ने स्थिति छैन भने एकोरो रूपमा बाघलाई हेर्दै पछाडि सर्दै जाने ।
३. बाघबाट बच्न पानीमा हाम फाल्नुहुदैन किनकी मानिसभन्दा बाघ छिटो पौडिन सक्ने भएकाले पानीमा हाम फाल्दा झन् जोखिक बढि हुन्छ ।
४. समुहमा बाघसंग जम्का भेट भयो भने चर्को आवाज निकालेर कराउने ।
५. यदि बाघ आक्रमण गर्न आइहाल्यो तर आफु भाग्न सकिएन भने लौरोले बाघको नाकमा हान्ने, घोच्ने ।
६. यदि आक्रमणमा परिहालेको खण्डमा आफ्नो टाउको र घाटी बचाउने किनकी बाघले यिनै ठाउहरूमा बढि आक्रमण गर्छ ।
७. राती वन क्षेत्रमा हिडडुल नगर्ने ।
८. बाघ देखेमा प्रहरीलाई जानकारी गराउने ।

# अनुरोध

प्रकोप पर्वतयारी संजाल नेपाल (डिपिनेट) ले मासिक रूपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

USAID अमेरिकी जनताबाट

DPNet Nepal

प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौं
फोन नं. : ०१-४६७२१६५, ६२२६६१३
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np

बाढि तथा वर्षाको जानकारीका लागिः ११५५ मा फोन गरौं ।

स्वीकारोक्ति

यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।